नेपाल सरकार
## राष्ट्रिय योजना आयोग

### प्रेस विज्ञप्ती

सम्माननीय प्रधानमन्त्री तथा राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष **श्री के.पी. शर्मा ओलीज्यूको** अध्यक्षतामा समितिको ४३औं बैठक सम्पन्न भयो । बैठकमा माननीय उपप्रधानमन्त्रीहरु, माननीय मन्त्रीहरु, माननीय राज्यमन्त्रीहरु, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष, माननीय महालेखापरीक्षक, माननीय महान्यायाधिवक्ता, नेपाल सरकारका मुख्य सचिव, राष्ट्रिय पुनर्निर्माण प्रधिकरणका प्रमुख कार्यकारी अधिकृत, आयोगका माननीय सदस्यहरु, आयोगका सदस्य सचिव, नेपाल सरकारका सचिवहरु तथा अन्य विशिष्ट पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

बैठकमा आयोगका माननीय उपाध्यक्ष प्रा. डा. पुष्पराज कंडेलबाट समष्टिगत आर्थिक सूचकहरु, गत आ.व. २०७४/७५ मा विभिन्न निकायहरुमा बिनियोजित बजेटको खर्चको अवस्था, राष्ट्रिय गौरवका आयोजनाहरु लगायत वार्षिक कार्यक्रम तथा आयोजनाहरुको प्रगति स्थिति, भूकम्पपछिको पुनर्निर्माणसम्बन्धी प्रगति, समितिको विगतको निर्णयहरुको कार्यान्वयन स्थिति तथा विकास कार्यक्रम तथा आयोजनाहरुसँग सम्बन्धित अन्तरमन्त्रालय प्रकृतिका समस्याहरु र तिनको समधानका लागि निर्णयार्थ प्रस्तावित समाधानका उपायहरु समेटीएको प्रस्तुति भएको थियो । बैठकको शुरुवातमा आयोगका सदस्यसचिव श्री लक्ष्मण अर्यालले स्वागत मन्तव्य दिनुभएको थियो । बैठकले विभिन्न ६ वटा निर्णयहरु गरेको छ ।

सम्माननीय प्रधानमन्त्री एवम् राष्ट्रिय विकास समस्या समाधान समितिका अध्यक्ष श्री के.पी. शर्मा ओलीज्यूले बैठकमा निर्देशन दिनुभयो ।

१. राष्ट्रिय गौरवका आयोजना तथा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरु समयमै सम्पन्न गर्न, योजनामा श्रोत सुनिश्चितता गरेर मात्र शुरु गर्न र समयसीमासहित जवाफदेहिता र उत्तरदायित्व स्पष्ट गरी कार्यान्वयनमा लैजाने ।
२. चौधौं योजनाको हालसम्मको प्रगति सन्तोषजनक नदेखिएको सन्दर्भमा अवको बाँकी अवधिमा प्रभावकारीरुपमा लक्ष्य हासील हुनेगरी कार्यान्वयन गर्ने र आगामी पन्ध्रौं योजना तर्जुमा गर्दा स्पष्ट दूरगामी सोच, लक्ष्य र नतिजासूचकसहित यसै योजना अवधिभित्रमा विकासोन्मुख देशमा स्तरोन्नती गर्न र दीगो विकास लक्ष्यहरु हासिल हुने गरी योजना तर्जुमा गर्ने ।

३. पूँजिगत खर्च अपेक्षाकृतरुपमा नभइरहेको अवस्थालाई हृदयङ्म गर्दै कार्यक्रम तथा आयोजनाहरु निर्धारित समयमै सम्पन्न हुनेगरी समयसीमासहितको कार्यान्वयन कार्ययोजना तयार गरी कार्य थालनी गर्ने र जनशक्ति योजना बनाएर अगाडी बढ्ने। देशको अर्थतन्त्रको सामर्थ्यतालाई समेत ध्यानमा राखी संविधान प्रदत्त अधिकारलाई क्रमशः जनतालाई उपभोग गर्ने वातावरण बनाउने ।

४. उत्पादनका साधनमा प्रविधिको प्रयोग गर्ने, अखाद्य पदार्थको आयात रोक्न सुशासनमा विशेष जोड दिने, भ्रष्टाचार नियन्त्रणमा आचारसंहितालाई कडाइकासाथ लागु गर्ने । प्रदेश तथा स्थानीय तहमा प्रवाह भएको श्रोतबाट भएको कार्यको प्रतिवेदन लिने व्यवस्था गर्ने ।

६. सबै मन्त्रालय/निकायहरुले आ-आफ्नो वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा र कार्यान्वयन गर्दा उपभोग संस्कृतिलाई मात्र बढावा दिने गरी नभई उत्पादकत्व अभिवृद्धि गर्ने प्रकृतिका योजना तथा कार्यक्रम तर्जुमा गर्ने ।

७. विकाससम्बन्धित नीति, योजना तथा विकास कार्यक्रमहरु सम्बद्ध अन्तरमन्त्रालय समन्वय गर्न र तत्काल समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगको भूमिकालाई अझ बढी सशक्त र प्रभावकारी बनाउने ।

(शिव रञ्जन पौड्याल)
सहायक प्रवक्ता
राष्ट्रिय योजना आयोग

मितिः २०७५ भाद्र २६ गते, मंगलबार